# माधव घिमिरेका कवितामा अलङ्कारविधान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र

सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि

उपाधि प्राप्त गर्ने प्रयोजनका लागि

प्रस्तुत

शोधप्रबन्धको

**शोधसार**

| | |
|---|---|
| ...................... | .................... |
| प्रा.डा.नारायण गडतौला | प्रा.डा. महादेव अवस्थी |
| शोधनिर्देशक | सहशोधनिर्देशक |


शोधकर्ता

सुभाषचन्द्र न्यौपाने

विद्यावारिधि दर्ता नं.१३/२०७३ (श्रावण)

त्रि.वि.दर्ता नं.६-३-२८-३-९९

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं


२०७८

## १. सार

प्रस्तुत शोधप्रबन्धको शीर्षक *माधव घिमिरेका कवितामा अलङ्कारविधान* रहेको छ । प्रस्तुत शोधमा कवि माधव घिमिरेका *नवमञ्जरी* तथा *चैतवैशाख* कवितासङ्ग्रहमा समाविष्ट चौरानब्बेओटा कविताहरूबाट सोद्देश्य तथा समिष्टि विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ भने सङ्कलित सामग्रीको अलङ्कारपरक विश्लेषण गरिएको छ । कविता विश्लेषणका लागि पूर्वीय काव्यशास्त्रमा स्थापित अलङ्कारसिद्धान्तलाई मूल आधार मानिएको छ । यही पूर्वीय काव्यशास्त्रमा स्थापित अलङ्कारशास्त्रका आधारमा कवि माधव घिमिरेका कविताहरूको विश्लेषण यस शोधप्रबन्धमा गरिएको छ । प्रस्तुत शोधप्रबन्धमा पूर्वीय अलङ्कार चिन्तनपरम्परामा देखापरेका विभिन्न अलङ्कारवादी आचार्यहरूमध्ये आचार्य रुय्यकको अलङ्कार वर्गीकरणलाई कविता विश्लेषणको आधार मानिएको छ भने कवितामा प्रयुक्त अलङ्कारहरूको विश्लेषणका लागि भामह, दण्डी, रुद्रट, मम्मट, भोज, विश्वनाथ, जयदेव, रुय्यक, अप्पयदीक्षितका अलङ्कारसम्बन्धी अवधारणालाई आधार मानिएको छ । रुय्यकले बयासीओटा अर्थालङ्कारलाई सादृश्यविच्छित्तिमूलक, विरोधविच्छित्तिमूलक, शृङ्खलाविच्छित्तिमूलक, न्यायविच्छित्तिमूलक र गूढार्थविच्छित्तिमूलक गरी मूल पाँच वर्गमा बाँडेका छन् । यही अलङ्कारको वर्गीकरणलाई आधार मानेर कवि घिमिरेका कविताको विश्लेषणढाँचा निर्माण गरिएको छ । प्रस्तुत शोधमा कवि घिमिरेका कवितामा भावोत्कर्षका लागि आएका पाँच वर्गका त्रिपन्नओटा अर्थालङ्कारहरूको विश्लेषण गरिनुका साथै कविताको कथ्य अर्थ र अलङ्कारका बीचको सहसम्बन्धको समीक्षा गरिएको छ भने कवितामा अलङ्कारविधान गर्नुको प्रयोजन के हो भन्ने कुराको समेत विश्लेषण गरिएको छ । कवि घिमिरेका कविताहरूको विश्लेषणबाट उनी भावसिद्ध र रससिद्ध कवि भएकाले उनका कविताका लागि उनले उपयोग गरेका अर्थालङ्कारहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् भन्ने निष्कर्ष प्राप्त भएको छ ।

## २. विषयपरिचय

आधुनिक नेपाली कविताको दोस्रो चरणमा देखापरेको स्वच्छन्दतावादी धाराको सुरुआतसँगै कविता लेखन प्रारम्भ गरेका माधव घिमिरेको साहित्यिक व्यक्तित्व कविता, गीतिनाटक, खण्डकाव्य, गीत, निबन्ध, समालोचना, कथा, नाटक, गीतिकाव्य जस्ता विधामा फैलिएको पाइन्छ । उनी भावसिद्ध र रससिद्ध स्वच्छन्दतावादी कवि हुन् । माधव घिमिरेको कवितायात्रा वि.सं.१९९२ मा 'ज्ञानपुष्प' कविता प्रकाशित भएपछि प्रारम्भ भएको मानिन्छ । वि. सं. १९९२ बाट प्रारम्भ भएको घिमिरेको काव्ययात्रा

आठ दशकभन्दा लामो देखिन्छ । काव्ययात्राको यो लामो अवधिमा घिमिरेका *नवमञ्जरी* (१९९४) र *चैतवैशाख* (२०६०) कविता सङ्ग्रह प्रकाशित भएका छन् । यी कविता सङ्ग्रहमा समाविष्ट फुटकर कविताको अलङ्कारपरक विश्लेषण भएको पाइँदैन । कविताको भाव तथा शैलीशिल्पमा सौन्दर्यको सिर्जना गरी कवितालाई आस्वाद्य, ग्राह्य तथा सौन्दर्यपूर्ण बनाउने अलङ्कार पक्षको विश्लेषण घिमिरेका कवितामा नगरिएको हुनाले प्राज्ञिक क्षेत्रमा अनुसन्धान गर्नुपर्ने विषय बाँकी रहेको देखिन्छ । सोही प्राज्ञिक शोधरिक्तता पूरा गर्नका लागि प्रस्तुत शोधमा घिमिरेका फुटकर कविताहरूको अलङ्कारपरक विश्लेषणलाई अनुसन्धानको विषय बनाइएको हो ।

### **३.शोधसमस्या**

प्रस्तुत शोधप्रबन्धमा माधव घिमिरेका कवितालाई शोधक्षेत्र बनाई उनका फुटकर कवितामा अलङ्कारविधानको अवस्था केकस्तो छ भन्ने प्रश्नलाई मूल समस्या बनाइएको छ । माधव घिमिरेका कवितामा निहित भाव तथा शिल्पसौन्दर्यको अभिवृद्धिका लागि अर्थालङ्कारले खेल्ने भूमिका, उनका कवितामा अभिव्यक्त कथ्य अर्थ र अलङ्कारका बीचको सहसम्बन्ध र घिमिरेले कवितामा अलङ्कारविधान गर्नुको कारणलाई प्रस्तुत शोधप्रबन्धमा शोधसमस्या बनाइएको छ ।

### **४. शोधप्रश्न**

कवि माधव घिमिरेका फुटकर कवितामा अलङ्कारविधानको अवस्था, स्तर तथा परिणामसँग सम्बन्धित प्राज्ञिक जिज्ञासाका लागि यसप्रकारका शोधप्रश्नहरू निर्माण गरिएका छन् :

१. माधव घिमिरेका कवितामा सादृश्यविच्छित्तिमूलक अलङ्कारको केकस्तो प्रयोग भेटिन्छ ?

२. माधव घिमिरेका कवितामा विरोध तथा शृङ्खलाविच्छित्तिमूलक अलङ्कारको केकस्तो प्रयोग भेटिन्छ ?

३. माधव घिमिरेका कवितामा न्याय तथा गूढार्थविच्छित्तिमूलक अलङ्कारको केकस्तो प्रयोग भेटिन्छ ?

४.माधव घिमिरेका कविताका कथ्य अर्थ र अलङ्कारका बीच केकस्तो सम्बन्ध रहेको छ ?

५. माधव घिमिरेका कवितामा अलङ्कारको प्रयोग किन गरिएको हो ?

## ५. उद्देश्य

शोधसमस्याका रूपमा उल्लेख गरिएका समस्याहरूको समाधानका लागि निर्माण गरिएका शोधप्रश्नहरूको समाधान गर्नु नै प्रस्तुत अनुसन्धानको उद्देश्य हो । यस शोधका उद्देश्यहरू यसप्रकार रहेका छन् :

१. माधव घिमिरेका कवितामा प्रयुक्त सादृश्यविच्छित्तिमूलक अलङ्कारको विश्लेषण गर्नु,

२. माधव घिमिरेका कवितामा प्रयुक्त विरोध तथा शृङ्खलाविच्छित्तिमूलक अलङ्कारको विश्लेषण गर्नु,

३. माधव घिमिरेका कवितामा प्रयुक्त न्याय तथा गूढार्थविच्छित्तिमूलक अलङ्कारको विश्लेषण गर्नु,

४. माधव घिमिरेका कविताका कथ्य अर्थ र अलङ्कारका बीचको सम्बन्धको मूल्याङ्कन गर्नु र

५. माधव घिमिरेका कवितामा अलङ्कार प्रयोग गरिनुका कारण र परिणामको समीक्षा गर्नु ।

## ६. सैद्धान्तिक पृष्ठभूमि

प्रस्तुत शोधप्रबन्धसँग सम्बन्धित सामग्रीको विश्लेषणका लागि अलङ्कारसिद्धान्तलाई अवलम्बन गरिएको छ । त्यसका लागि अलङ्कारपरक ढाँचा तयार पारी त्यसैका आधारमा विवेच्य कविताहरूमा प्रयुक्त अलङ्कार प्रयोगको अवस्थाबारे अनुसन्धान गरिएको छ ।

अलङ्कार पूर्वीय साहित्यशास्त्रमा स्थापित पुरानो काव्यमान्यता हो । आचार्य भामहले *काव्यालङ्कार* नामक लाक्षणिक ग्रन्थमार्फत अलङ्कार सम्प्रदायको प्रारम्भ गरेका हुन् । आफूपूर्व वैदिककालदेखि नै काव्यसाहित्यमा प्रयोग हुँदै आएको अलङ्कारलाई स्थापित गरी प्रतिष्ठा दिलाउने काममा भामहपछि दण्डी, वामन, उद्भट, रुद्रट, मम्मट, विश्वनाथ, रुय्यक, अप्पयदीक्षित, जयदेव, जगन्नाथ जस्ता आचार्यहरूको उल्लेखनीय योगदान रहेको देखिन्छ । यिनै आचार्यहरूद्वारा स्थापित अलङ्कारलाई कविताको विश्लेषणका लागि आधारका रूपमा ग्रहण गरिएको छ भने कविता विश्लेषणको ढाँचाका रूपमा आचार्य रुय्यकद्वारा वर्गीकृत सादृश्यविच्छित्तिमूलक, विरोधविच्छित्तिमूलक, शृङ्खलाविच्छित्तिमूलक, न्यायविच्छित्तिमूलक र गूढार्थविच्छित्तिमूलक वर्गका अर्थालङ्कारलाई अवलम्बन गरिएको छ ।

पूर्वीय काव्यचिन्तन परम्परामा स्थापित आचार्यहरूमध्ये अलङ्कारवादी आचार्यहरूले अलङ्कारलाई काव्यको अनिवार्य तत्त्व वा आत्मा तत्त्वका रूपमा लिएका छन् । अलौकिक चमत्कार

उत्पादन गर्ने शब्द र अर्थको वैचित्र्य नै अलङ्कार हो भन्ने अलङ्कारवादी आचार्यहरूको मान्यता रहेको छ । अलङ्कार काव्यको आत्माका रूपमा रहन्छ र यो नै काव्यको सर्वोपरि तत्त्व पनि हो, उक्ति वैचित्र्यबाट नै काव्यमा अर्थको विभावना हुन्छ, वक्रोक्ति रूप अलङ्कारका अभावमा काव्यमा काव्यत्व नै रहँदैन भन्ने अलङ्कारवादी आचार्यहरूको मान्यता रहेको छ । रसध्वनिवादी आचार्यहरूले अलङ्कारलाई काव्यको अनिवार्य तत्त्वका रूपमा नलिएर ऐच्छिक तत्त्वका रूपमा यसको आवश्यकतामाथि जोड दिएका छन् । रसध्वनिवादी आचार्यहरूका अनुसार शरीरका आभूषण कुण्डल, हार आदिझैं काव्य शरीरको शोभावृद्धि गर्ने र रसको उपकार गर्ने आभूषण नै अलङ्कार हुन् । अलङ्कार काव्यको अनिवार्य वा आत्मा तत्त्व नभएर यो ऐच्छिक तत्त्व मात्र हो ।

अलङ्कार काव्यसाहित्य निर्माणका लागि महत्त्वपूर्ण भूमिका खेल्ने प्रमुख तत्त्व हुन् । अलङ्कारहरू काव्यका शरीर पनि हुन् भने आत्मा पनि हुन् तथा शरीरको सौन्दर्य वृद्धि गर्ने शोभाकारक धर्म पनि हुन् । अलङ्काररहित काव्य भए पनि त्यसमा काव्यत्व रहँदैन, त्यसैले यो काव्यका लागि अपरिहार्य तत्त्व हो । काव्यले कुनै पनि भाव वा विचार अभिव्यक्त गरिरहेको हुन्छ तर त्यो भाव वा विचारलाई ग्रहण योग्य छ कि छैन भन्ने कुरा अलङ्कारको उपस्थितिले निर्धारण गर्दछ । त्यसैले काव्यको विचार वा भावलाई ग्रहणीय बनाउने, सामान्य वार्ताका रूपमा रहेका भाव वा विचारलाई काव्यमय बनाउने र तिनलाई अझ प्रभावकारी, सौन्दर्यपूर्ण र आकर्षक बनाउने प्रमुख तत्त्व नै अलङ्कार हुन् ।

संस्कृत अलङ्कार सिद्धान्तलाई आधार मानी मूल रूपमा रुय्यकद्वारा वर्गीकरण गरिएका शब्दालङ्कार र अर्थालङ्कारमध्ये अर्थालङ्कारअन्तर्गतका सादृश्यविच्छित्तिमूलक, विरोधविच्छित्तिमूलक, शृङ्खलाविच्छित्तिमूलक, न्यायविच्छित्तिमूलक र गूढार्थविच्छित्तिमूलक वर्गका गरी जम्मा त्रिपन्नओटा अलङ्कारहरूलाई कवि घिमिरेका कविता विश्लेषणका लागि आधारमा रूपमा लिइएको छ । सादृश्यविच्छित्तिमूलक वर्गका उपमा, मालोपमा, अनन्वय, स्मृति, रूपक, सन्देह, भ्रान्तिमान्, उल्लेख, उत्प्रेक्षा, अतिशयोक्ति, दीपक, आवृत्तिदीपक, प्रतिप्रस्तूपमा, दृष्टान्त, व्यतिरेक, विनोक्ति, सम्भावना, समासोक्ति, परिकर, अप्रस्तुतप्रशंसा, अर्थान्तरन्यास, प्रहर्षण, उदाहरण र आक्षेप गरी जम्मा चौबीसओटा, विरोधविच्छित्तिमूलक वर्गका विभावना, विशेषोक्ति, असङ्गति, विषम, व्याघात, अधिक, विशेष, अन्योन्य, विषादन र प्रौढोक्ति गरी जम्मा दशओटा, शृङ्खलाविच्छित्तिमूलक वर्गका कारणमाला, काव्यलिङ्ग, अनुमान, यथासङ्ख्य, पर्याय र उदारसार गरी छओटा, न्यायविच्छित्तिमूलक वर्गका परिसङ्ख्या, अर्थापत्ति,

विकल्प, तद्गुण, समुच्चय, समाधि, उत्तर र लोकोक्ति गरी आठओटा तथा गूढार्थविच्छित्तिमूलक वर्गका सूक्ष्म, स्वभावोक्ति, भाविक, भाविकच्छवि र उदात्त पाँच गरी जम्मा त्रिपन्नओटा अलङ्कारहरूलाई मूल रूपमा कवि घिमिरेका कविताहरूको निरूपणका लागि लिइएको छ । यसै ढाँचाका आधारमा घिमिरेका फुटकर कविताहरूको सूक्ष्म पठन र सूक्ष्म विश्लेषण गरी प्रस्तुत शोधकार्यलाई पूर्णता दिइएको छ । कवितामा सौन्दर्यको खोजमूलक विश्लेषणका लागि भामह, रुद्रट, दण्डी, मम्मट, विश्वनाथ, जयदेव, अप्पयदीक्षित जस्ता अलङ्कारवादी आचार्यहरूका मान्यता र अलङ्कारको वर्गीकरणका लागि आचार्य रुय्यकको मान्यतालाई मूल विश्लेषणको आधार बनाइएको छ ।

**७. शोधविधि**

प्रस्तुत शोधप्रबन्धमा समष्टि विधिद्वारा माधव घिमिरेका *नवमञ्जरी* र *चैतवैशाख* कविता सङ्ग्रहभित्रका सम्पूर्ण चौरानब्बेओटा फुटकर कविताको छनोट गरिएको छ तथा तिनको अलङ्कारपरक विश्लेषण गर्नका निम्ति कविताको सूक्ष्म पठन गरी सोद्देश्य विधिद्वारा साक्ष्यहरू छनोट गरी प्राथमिक सामग्री जुटाइएको छ । कवि घिमिरेका कविताका सन्दर्भमा विमर्श गरिएका पुस्तक, पत्रपत्रिका, शोधप्रबन्ध तथा सिद्धान्तसँग सम्बद्ध संस्कृत र हिन्दी भाषामा लेखिएका ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा पूर्वीय काव्यशास्त्रमा स्थापित अलङ्कार सिद्धान्तका आधारमा कवि माधव घिमिरेका दुईओटा कविता सङ्ग्रहमा सङ्कलित चौरानब्बेओटा कविताहरूको सूक्ष्म पठन र विश्लेषण गरी निष्कर्षमा पुगिएकाले निगमनात्मक विधिको प्रयोग गरिएको छ । माधव घिमिरेका कवितामा प्रयुक्त त्रिपन्नओटा अर्थालङ्कारहरूको तत्त्वगत स्वरूप निरूपणका निम्ति पूर्वीय काव्यशास्त्रले स्थापित गरेका अलङ्कारशास्त्रीय लक्षणलाई आधार मानिएकाले तिनै तत्त्वमीमांसीय आधारमा अलङ्कारको स्वरूपलाई यथातथ्य पहिचान गरी कविताको अलङ्कारपरक विश्लेषण गरिएको छ ।

माधव घिमिरेका कविताको सौन्दर्य निरूपणका निम्ति तिनमा प्रयोग भएका अलङ्कारलाई आधार मानिएको छ । कवितामा प्रयुक्त संरचनागत सौन्दर्य र भावगत सौन्दर्य प्रदान गर्ने तत्त्व अलङ्कार हो भन्ने सिद्धान्तका आधारमा घिमिरेका कवितामा रुय्यकद्वारा वर्गीकरण गरिएका सादृश्यविच्छित्तिमूलक, विरोधविच्छित्तिमूलक, शृङ्खलाविच्छित्तिमूलक, न्यायविच्छित्तिमूलक र गूढार्थविच्छित्तिमूलक वर्गका अलङ्कारले घिमिरेका कवितामा सौन्दर्यसन्धान गरेका छन् भन्ने ज्ञानमीमांसीय निष्कर्ष निकालिएको छ ।

## ८. निष्कर्ष

माधव घिमिरेका फुटकर कविताहरूमा सादृश्यविच्छित्तिमूलक, विरोधविच्छित्तिमूलक, शृङ्खलाविच्छित्तिमूलक, न्यायविच्छित्तिमूलक र गूढार्थविच्छित्तिमूलक पाँच वर्गका त्रिपन्नओटा अलङ्कारहरूको प्रयोग गरिएको छ । यी अर्थालङ्कार प्रयोगद्वारा उनका कवितामा व्यक्त जीवनजगत्सम्बन्धी कथ्यको प्रभावकारी अभिव्यक्ति भएको छ भने कविताको कथ्य वस्तु बोधगम्य हुनुका साथै कथ्यगत भाव तथा रस परिपुष्ट बनेको छ ।

कवि माधव घिमिरेका फुटकर कविताहरूमा प्रयुक्त पाँच वर्गका अर्थालङ्कारहरूमध्ये सादृश्यविच्छित्तिमूलक वर्गका अलङ्कारको प्रयोग अधिक भेटिन्छ । यस वर्गका चौबीसओटा अलङ्कारहरूको प्रयोग कवि माधव घिमिरेका कवितामा गरिएको छ । उनका कवितामा यस वर्गका अलङ्कारमध्ये पनि उपमा, रूपक, सन्देह, उत्प्रेक्षा र अतिशयोक्ति अलङ्कारको आधिक्य रहेको छ । यस वर्गका अलङ्कारमा उपमेय र उपमानका बीच समान धर्म रहने हुँदा त्यस्ता अलङ्कार प्रयोगद्वारा प्रकृति र मानवीय साहचर्यको अन्तःसम्बन्ध बोध गर्न सुगम भएको छ । कवि घिमिरेले ‘प्रकृति’, ‘मानव’ र ‘मानवीय कर्म’ जस्ता उपमेयसँग ‘सूर्य’, ‘सूर्यका किरण’, ‘शिव’, ‘देवता’ जस्ता पौराणिक उपमान र ‘हिमाल’, ‘उषा’, ‘वसन्त’ जस्ता प्राकृतिक उपमानको सादृश्य देखाई उपमेयमा रहेको विशिष्ट सौन्दर्यको सञ्चार गरेका छन् । हिमाली प्रकृतिले प्राप्त गरेको स्वर्णिम स्वरूप र अद्‌भुत आकर्षणजन्य सौन्दर्यलाई अभिव्यञ्जित गर्न उनले ‘सूर्यका किरण’ उपमानको प्रयोग गरेका छन् । नेपाली हिमाली प्रकृतिको शान्त, स्निग्ध, सुरम्य स्वरूपको अभिव्यञ्जनाका लागि उनका कवितामा ‘स्वर्ग’, ‘सुखको पोल्टो’ जस्ता उपमानहरू आएका छन् । यस वर्गका अलङ्कारले उनका कवितामा मानवीय जीवनका सुख, दुःख, हर्ष, पीडा, मति, धृति जस्ता सञ्चारी भावको मार्मिकता बढाएका छन् । यस वर्गका अलङ्कार भावोत्कर्ष र रसोत्कर्षलाई सघाउन उनका कविताका कथ्यभित्रै एकाकार भएर आएका छन् । यस वर्गका अलङ्कारबाट प्रकृतिविषयक प्रेमभाव, मानवीय प्रणयभाव, देवादिविषयक प्रेमभाव, राष्ट्रप्रेम विषयक भाव, करुणाजन्य दैन्यभावको सहज अभिव्यञ्जना भएको छ । उपमा अलङ्कार प्रयोगको कौशलका दृष्टिले उनका ‘सन्ध्या’, ‘कालीगण्डकी’, ‘अनादि प्रीति’, ‘अहो महक क्या मीठो !’ जस्ता कविता र रूपक अलङ्कार प्रयोगको कौशलका दृष्टिले ‘काफल पाक्यो’, ‘नवयुवक’, ‘चरी लमिनी’, ‘पहाडी साँझ’, ‘दुलही हिमाल काञ्चनजङ्घा’ जस्ता कविता उत्कृष्ट बनेका छन् । उदाहरणका रूपमा रूपक अलङ्कारको प्रयोग भएको उनको ‘काफल पाक्यो’ कविताका केही पद्यहरू प्रस्तुत गरिएको छ :

यो वैशाख-सुरा म प्युँछु असुरालाई गरी चुम्बन
यो छायामनि बस्छु आज दिलको भाका सुसेलीकन । २ ।
पृथ्वीमा प्रतिवर्ष हे कुसुमकी रानी ! तिमी हाँसिद्यौ
तारा एक यहाँ नयाँ सृजनकी रानी ! तिमी गाँसिद्यौ । ३ ।

माधव घिमिरेका कवितामा विरोधविच्छित्तिमूलक वर्गका दशओटा अलङ्कारहरूको प्रयोग भएको छ । यस वर्गका अलङ्कारमध्ये उनका कवितामा विभावना, विशेषोक्ति र अधिक अलङ्कारको बढी प्रयोग भेटिन्छ । यस वर्गका अलङ्कारको प्रयोगद्वारा कथ्य विषयहरूको कार्य र कारणका बीचमा देखिएको अमिल्दोपन, कार्यकारणका बीचको असङ्गति, विनाकारण कार्यको उत्पत्ति, कारणको उपस्थितिमा पनि कार्यको अभावलाई झल्काउने कथ्यगत चमत्कारको सृजना भएको छ । उनका कवितामा विभावना अलङ्कारद्वारा कारणको अभावमा नै सहज र स्वाभाविक रूपमा उत्पन्न हिमाली सौन्दर्यको उद्घाटन गरिएको छ । नेपाली हिमाली प्रकृतिमा रहेको यस्तो आह्लादकारी सौन्दर्यलाई जजसले जेजसरी उपभोग गरे पनि त्यो सौन्दर्यमा कुनै कमी नआउने हुनाले यो भूमि सौन्दर्यको खानी हो, यसको अटुट सौन्दर्यले संसारलाई मोहित तुल्याइरहेको हुन्छ भन्ने कुराको अभिव्यञ्जना विभावना, विशेषोक्ति, अधिक जस्ता अलङ्कारद्वारा भएको छ । विनाकारण अलौकिक ज्योति उत्पन्न गर्ने र छर्ने हिमाली गुफाहरू ज्ञानका भण्डार हुन्, यिनै हिमाली गुफा र कुनाकन्दराहरूमा ऋषिमुनिहरूले दिव्य ज्ञान प्राप्त गरेका हुनाले यो भूमि ज्ञानभूमि हो, यही भूमिले संसारका मानवलाई निरन्तर चेतना प्रवाहित गरिरहेको हुन्छ भन्ने कुरा उनका कवितामा प्रयुक्त विरोधमूलक वर्गका अलङ्कारद्वारा अभिव्यञ्जित भएको छ । विभावना र विशेषोक्ति अलङ्कारको कुशल प्रयोगका दृष्टिले उनका ‘दुलही हिमाल काञ्चनजङ्घा’, ‘राष्ट्रिय झण्डा’, ‘विश्वबन्धु’ ‘चरी लमिनी’, ‘सम्बोधन’, ‘रहस्य खोलेर रहस्य बाँकी’, ‘घामपानी’, ‘सूर्यसूक्त’ जस्ता कविताहरू उत्कृष्ट बनेका छन् भने अधिक अलङकारको प्रयोग कौशलका दृष्टिले ‘कालीगण्डकी’, ‘कलमवीर’, ‘अतिशय सुन्दर’ जस्ता कविता उत्कृष्ट बनेका छन् । उदाहरणका रूपमा अधिक अलङ्कारको प्रयोग भएको उनको ‘कालीगण्डकी’ कविताका दुई हरफ प्रस्तुत छ :

मेरो शिल्पी, यस शकलमा स्वस्थ आकार देऊ
यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ । ६ ।

माधव घिमिरेका कवितामा शृङ्खलाविच्छित्तिमूलक वर्गका छओटा अलङ्कारको प्रयोग भएको छ । यस वर्गका छओटा अलङ्कारमध्ये काव्यलिङ्ग अलङ्कारको अधिक प्रयोग भेटिन्छ तर सौन्दर्यगत चमत्कारका दृष्टिले कारणमाला अलङ्कारको प्रयोग बढी प्रभावकारी छ । यस वर्गका अलङ्कार प्रयोगबाट जीवनजगत्का वर्णनीय विषयको कार्यकारण शृङ्खलाले सृजना गरेको चमत्कारलाई अभिव्यञ्जित गरिएको छ । यस वर्गका अलङ्कार प्रयोगद्वारा उनका कवितामा प्राकृतिक परिवर्तनसँगै मानवीय जीवनमा देखापर्ने सुखदुःखहरू, वसन्तमा प्रकृतिको प्रसन्नतासँगै मानव जीवनमा देखापर्ने उमङ्ग र चञ्चलता, शिशिरमा प्रकृतिको कठोरतासँगै मानवले पनि भोग्नुपर्ने कष्टपूर्ण जीवन भोगाइ, समयअनुसारका विविध मानवीय मनोदशा आदिलाई अभिव्यञ्जित गरिएको छ । यसका साथै पूर्वीय अध्यात्मवादले स्वीकार गरेको जलमय संसारबाट हिरण्यगर्भको सृष्टि, हिरण्यगर्भले गरेका देवताहरूको सृष्टि र तिनै देवताहरूले गरेको संसारको रचनाक्रमसम्बन्धी सृष्टिचक्रको कार्यकारण सम्बन्धको अभिव्यञ्जना उनका कवितामा भएको छ भने प्रकृतिको सृजनात्मक सामर्थ्यकौशल अभिव्यञ्जित भएको छ । यस वर्गको काव्यलिङ्ग अलङ्कार प्रयोगको कौशलका दृष्टिले उनका ‘वैशाख’, ‘अभयसूक्त’, ‘आत्मनिवेदन’, ‘राष्ट्रिय झण्डा’, कविताका साथै कारणमाला अलङ्कार प्रयोगको कौशलका दृष्टिले ‘घामपानी’, ‘यही जीवन हो अनन्त’, ‘सूर्यसूक्त’ जस्ता कविता उत्कृष्ट बनेका छन् । उदाहरणका रूपमा कारणमाला अलङ्कारको प्रयोग भएको कवि घिमिरेको ‘घामपानी’ कविताको एउटा पद्य प्रस्तुत छ :

माटी फूल बन्यो र फूल पनि भो कान्तिच्छटा कोमल
तप्कूँ झैँ त्यस कान्तिको तरलता त्यै कान्तिमै रल्मल
सारा आकृति बिम्ब भो र रस भो पग्लेर बिम्बै पनि
यो सौन्दर्यसुधा पिऊँ कि अथवा हेरूँ अचम्मै बनी । ४ ।

माधव घिमिरेका फुटकर कविताहरूमा न्यायविच्छित्तिमूलक वर्गका आठओटा अलङ्कारको प्रयोग भएको छ । यस वर्गका अलङ्कारमध्ये अर्थापत्ति र परिसङ्ख्या अलङ्कारको अधिक प्रयोग भेटिन्छ । यस

वर्गका अलङ्कारका माध्यमबाट नेपाली युवाहरूको जोस, जाँगर र पराक्रमले संसार बदल्न सक्ने सामर्थ्य राख्ने हुनाले नेपालीहरूका वीरताका सामु कोही पनि टिक्न सकेको थिएन भन्दै नेपालीहरूको ऐतिहासिक वीरतापूर्ण गाथाको महिमा उजागर गरिएको छ भने मानवीय जीवनको सार्थकता धनदौतलको आर्जनमा होइन मानवीय सेवा र परोपकारबाट प्राप्त हुने कुरा अभिव्यञ्जित भएको छ । यस वर्गको अर्थापत्ति अलङ्कार प्रयोगको कौशलका दृष्टिले उनका ‘विश्वबन्धु’, ‘तँ वीर होस्’ ‘चलीजाऊँ’, ‘हिरण्यगर्भसूक्त’, ‘महात्मा गान्धीको सम्झनामा’ जस्ता कविताहरू उत्कृष्ट बनेका छन् भने परिसङ्ख्या अलङ्कार प्रयोगको कौशलका दृष्टिले ‘नेपाल ठूलो भए’, ‘गौरी र शङ्कर’, ‘सन्ध्या’, ‘झरीको दिन उघ्रिएको साँझ’ जस्ता कविताहरू उत्कृष्ट बनेका छन् । उदाहरणका रूपमा अर्थापत्ति अलङ्कारको प्रयोग भएको ‘तँ वीर होस्’ कविताको एउटा पद्य प्रस्तुत छ :

बढेर जा बढेर जा तँलाई रोक्न सक्छ को
लडेर जा लडेर जा तँलाई ठोक्न सक्छ को
तँलाई मेट्न सक्छ को तँ चित्तमा गडेर जा
तँ वीर होस् तँ वीर होस् जगत् जगत् गडेर जा । ३ ।

माधव घिमिरेका कविताहरूमा गूढार्थविच्छित्तिमूलक वर्गका पाँचओटा अलङ्कारको प्रयोग गरिएको छ । यस वर्गका पाँचओटा अलङ्कारमध्ये स्वभावोक्ति र उदात्त अलङ्कारको अधिक प्रयोग भेटिन्छ । यस वर्गका अलङ्कारका माध्यमबाट शरद् ऋतुमा धानका बालाहरूले भरिपूर्ण भएकी प्रकृति, दशैंमा उमङ्गका साथ चाडबाड मनाउन उत्साहित नेपाली समाज, जाज्वल्यमान हिमाली सौन्दर्य तथा नेपाली जनजीवनको कलात्मक स्वरूप अभिव्यञ्जित भएको छ । उनका कवितामा बिहानी पखको पहिलो घामको किरणसँगै मेलापातमा निस्कनु पर्ने ग्रामीण नेपाली समाजको वास्तविकता प्रकट भएको छ भने दिनभर परिश्रमको पसिना चुहाएर साँझपख वरपीपलको चौतारीमा सुसेली हाल्दै घर फर्किने नेपाली किसानहरूको परिश्रमको फलबाट अमृतसमान अन्नको उत्पादन हुने हुनाले पसिना र श्रमको उच्च मूल्य छ भन्ने विचार स्वभावोक्ति अलङ्कारका माध्यमबाट अभिव्यञ्जित भएको छ । यस्तै उनका कवितामा उदात्त अलङ्कारको प्रयोगद्वारा मुक्तिनाथ क्षेत्रको भव्य गरिमालाई उदात्त रूपमा अभिव्यञ्जित गरिएको छ । उनका कवितामा जडभरतले तपस्या गरेको भूमि, स्वर्गका अप्सराहरूले पानी भर्दा शिरफूल झरेको भूमि, भगवान् विष्णुका पाउका स्पर्शले पवित्र भएको यो भूमि अति पवित्र र पुण्य

भूमिका रूपमा रहेको छ भन्ने विचार उदात्त अलङ्कारको प्रयोगद्वारा अभिव्यञ्जित भएको छ । स्वभावोक्ति अलङ्कार प्रयोगको कौशलका दृष्टिले उनका 'पहाडी साँझ', 'हामी पर्वतका कुमार', 'सम्बोधन', 'पँधेर्नी', 'वैशाख', 'नवयुवक' जस्ता कविताहरू उत्कृष्ट बनेका छन् भने उदात्त अलङ्कार प्रयोगको कौशलका दृष्टिले 'कालीगण्डकी', 'दुलही हिमाल काञ्चनजङ्घा', 'हिरण्यगर्भसूक्त', 'देवी स्वर्ग उतारि आइरहिछन्' जस्ता कविता उत्कृष्ट बनेका छन् । उदाहरणका रूपमा उनको उदात्त अलङ्कारको प्रयोग भएको 'कालीगण्डकी' कविताको एउटा पद्य प्रस्तुत छ :

यै कोल्टामा जडभरतले हो तपस्या गरेको
पानी भर्दा सुर युवतिको स्वर्णपुष्पी झरेको
छोए जस्तै अभय भगवान् विष्णुका पाइलाले
बाँधेका छन् अमरपुरका शिल्प मेरा शिलाले । ३ ।

माधव घिमिरेका फुटकर कविताहरूमा प्रयुक्त पाँच वर्गका अलङ्कारहरूमध्ये विरोधमूलक वर्गका अलङ्कारको सङ्ख्या कमै भए पनि तिनले उनका कवितालाई शक्तिशाली बनाएका छन् । यस वर्गको 'अधिक' अलङ्कारको प्रयोगले मितव्ययी संरचनामा पूर्ण संसारको अभिव्यक्ति दिनुपर्छ भन्ने कवि घिमिरेको काव्यमान्यतालाई पुष्टि गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको छ । 'एउटा सानो सरल कृतिमा पूर्ण संसारको अभिव्यक्ति दिनु' (कालीगण्डकी), 'बमगोलाले सन्त्रस्त भएको बेला यो धर्ती सर्पमा चढेर भाग्नु' (हाइट्रोजन बम), 'नेपाली युवाहरूले विश्वलाई प्रेमपूर्वक दुई हातले अँगाल्नु' (कलमवीर), 'यो विशाल संसार परमात्मा परमेश्वरको दश अङ्गुलमा अडिनु' (पुरुषसूक्त) जस्ता चमत्कारपूर्ण अभिव्यक्तिहरू उनका कवितामा मितव्ययी संरचनाका कारक बनी आएका हुनाले 'अधिक' अलङ्कारको प्रयोगले गर्दा उनका कविता बढी शक्तिशाली भएको कुरा स्पष्ट हुन आउँछ ।

माधव घिमिरेका कवितामा प्रयुक्त अलङ्कारहरूले शृङ्गार, वीर, अद्भुत र शान्त रसका साथै विविध भावको अभिव्यञ्जना गरेका छन् । प्रकृतिविषयक प्रेमभाव, मानवीय प्रणयभाव, देवादिविषयक प्रेमभाव, राष्ट्रप्रेम विषयक भाव, करुणाजन्य दैन्यभाव, आत्मगौरवपूर्ण गर्वभाव, जिज्ञासाजन्य औत्सुक्यभाव, प्रसन्नताजन्य हर्षभाव, निश्चयजन्य मतिभाव आदिको अभिव्यञ्जनाका लागि उनका कवितामा अलङ्कारहरूको उपयोग गरिएको छ । त्यस्तै उनका कवितामा शृङ्गार रसको

अभिव्यञ्जनाका लागि समासोक्ति र उपमा, वीररसको अभिव्यञ्जनाका लागि विशेषोक्ति र समुच्चय, शान्तरसको अभिव्यञ्जनाका लागि उपमा र तद्गुण, अद्भुतरसको अभिव्यञ्जनाका लागि उदात्त र विशेष अलङ्कारको बढी उपयोग गरिएको छ । यी समग्र कुराका परिप्रेक्ष्यमा हेर्दा उनका कविताको भावसिद्धि र रससिद्धि उनले प्रयोग गरेका सादृश्यविच्छित्तिमूलक, विरोधविच्छित्तिमूलक, शृङ्खलाविच्छित्तिमूलक, न्यायविच्छित्तिमूलक र गूढार्थविच्छित्तिमूलक अलङ्कारहरूले उल्लेख्य भूमिका खेलेको कुरा निष्कर्षित हुन आउँछ ।

समग्रमा हेर्दा कवि माधव घिमिरे आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका त्यस्ता कवि ठहर्छन् जसले आफ्ना कवितामा जीवनजगत्सम्बन्धी कथ्य अर्थलाई सघनतापूर्वक व्यक्त गर्दा विभिन्न अर्थालङ्कारहरूको सौन्दर्यपूर्ण प्रयोग गर्ने विशेष क्षमता देखाएका छन् । उनी कविताका शकलमा नै स्वस्थ आकार दिने शिल्पी हुनुका साथै एउटै सानो सरल कृतिमा पूर्ण संसारको अभिव्यक्ति दिनुपर्छ भन्ने दृष्टिकोण ("मेरो शिल्पी, यस शकलमा स्वस्थ आकार देऊ । यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ" 'कालीगण्डकी') भएका कवि हुन् । शकलमा स्वस्थ वा सौन्दर्यपूर्ण अभिव्यक्ति गर्नका निम्ति कविमा अलङ्कार प्रयोग गर्ने सामर्थ्य हुनु अपरिहार्य नै हुन्छ । यस दृष्टिले हेर्दा कवि घिमिरेले यस जीवनजगत्सँग सम्बद्ध विविध कथ्य विषय, भाव र विचारलाई कवितात्मक वाणी दिँदा जुन मितव्ययी संरचनाको प्रयोग गरेका छन् त्यसका निम्ति उनले प्रयोग गरेका अर्थालङ्कारहरूले उल्लेख्य भूमिका खेलेका छन् । उनका कविताका कथ्य अर्थ र त्यस अर्थको छाया अर्थका रूपमा प्रस्तुत गरिएको अर्को अर्थ (अलङ्कार) का बीच अन्योन्याश्रित र सहजात सहसम्बन्ध रहेको छ । यसै कारणले गर्दा नेपाली कवितापरम्परमा उनले रचेका कविताहरू विशेष कलात्मक अभिव्यक्तिका रूपमा प्राप्तिपूर्ण ठहर्छन् ।

कवि माधव घिमिरेका खण्डकाव्य, गीतिनाटक र फुटकर कविताका सम्बन्धमा निकै गहन अध्ययन भएको छ । समालोचक ईश्वर बरालले *हिमालचुली* कृतिमा नेपाली कविहरूका कविता सङ्कलन गर्ने क्रममा घिमिरेका कवितात्मक प्रवृत्तिहरूबारे जुन विमर्श गरेका छन् त्यसैबाट घिमिरेका कविताबारेको पूर्वाध्ययनको परम्परा थालिएको हो । यसपछि माधव घिमिरेबारे गरिएका पूर्वाध्ययनअन्तर्गत लगभग विगत सात दशकका बीच विभिन्न दृष्टिले विद्वान्हरूले उनका कवित्व र कविताबारे गहन विश्लेषणात्मक र शोधमूलक कार्य गर्दै आएका छन् । त्यसै अध्ययनपरम्परामा उनका कवितामा गरिएको अलङ्कारविधानसम्बन्धी यो शोध पनि थपिन पुगेको छ । उनका कविताबारे हालसम्म गरिएका विश्लेषणहरूमा उनको जीवनी र कविताको अन्तःसम्बन्ध, उनका कवितायात्राको

अन्तरविकासका साथै कविताकाव्यकृतिको सूक्ष्म विश्लेषण तथा फुटकर कविता, खण्डकाव्य र गीतिनाटकबारे विभिन्न सैद्धान्तिक आधारको उपयोगद्वारा जहाँ शोधमूलक अध्ययन भइआएको छ, त्यसै परम्परामा उनका कविताको अलङ्कारविधानबारेको ज्ञानको नवप्रतिपादन यस शोधले थप गरेको छ । यस शोधमा घिमिरेका कवितामा प्रयुक्त अर्थालङ्कारको वर्गीकृत अध्ययन गरिनुका साथै उनका कविताका कथ्य अर्थ र अलङ्कारका बीचको सम्बन्ध केलाई उनका कवितामा अलङ्कारविधान गरिनुका कारण र परिणामबारे जुन समीक्षा गरिएको छ त्यो नै यस शोधको नयाँ प्राज्ञिक प्राप्ति हो । वास्तवमा कवि माधव घिमिरे भावसिद्ध र रससिद्ध कवि भएकाल उनका कवितामा भावसिद्धि र रससिद्धिका निम्ति उनले उपयोग गरेका अर्थालङ्कारहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् भन्ने ज्ञानको नवप्रतिपादन नै यस शोधको खास प्राज्ञिक उपलब्धि हो ।

**९. प्राज्ञिक योगदान**

माधव घिमिरेका कविताका सम्बन्धमा विभिन्न कोणबाट अनुसन्धान गरिँदै आएका परिप्रेक्ष्यमा आजसम्म हुन नसकेको घिमिरेका कविताको अलङ्कार पक्षसँग सम्बन्धित प्रस्तुत अनुसन्धान पनि थप भएकाले प्राज्ञिक क्षेत्रमा यसको योगदान रहने छ । घिमिरेका कवितामा अलङ्कार प्रयोगको अवस्था, स्तर, कविताको कथ्य अर्थ र अलङ्कारको सम्बन्धका साथै अलङ्कारविधानको प्रयोजनको समेत विश्लेषण गरिएकाले प्राज्ञिक क्षेत्रमा यसको उपादेयता सिद्ध हुन्छ । प्रस्तुत शोधले अलङ्कारपरक कविताविश्लेषण ढाँचाको मार्गचित्रसमेत प्रस्तुत गरेको छ ।

**शब्दकुञ्जी :** अलङ्कार, विच्छित्ति, भाव, आह्लादकता, सहसम्बन्ध ।

**प्रमुख सन्दर्भसामग्री सूची**

अप्पयदीक्षित, (इ.१९९७). *कुवलयानन्द* (च.संस्क.). चौखम्बा विद्याभवन ।

घिमिरे, माधव (१९९४). *नवमञ्जरी.* सु. डिल्लीजङ लामिछाने गुरुङ ।

घिमिरे, माधव (२०६०). *चैतवैशाख.* साझा प्रकाशन ।

जयदेव, (इ.१९९५). *चन्द्रालोक.* (व्याख्याकार). श्रीकृष्ण मणि त्रिपाठी. चौखम्बा सूरभारती प्रकाशन ।

दण्डी, (इ.१९५८). *काव्यादर्श.* (व्याख्याकार). जमुना पाठक. कृष्णदास अकामदी ।

मम्मट, (इ.१९८०). *काव्यप्रकाश.* (व्याख्याकार). आचार्य शिवराज कौण्डिन्न्यायन. मोतीलाल बनारसीदास ।

भामह, (इ.१९३८). *काव्यालङ्कार* . (द्वि.संस्क.). चौखम्बा संस्कृत संस्थान ।

रुय्यक, (इ.१९९४). *अलङ्कारसर्वस्वम्.* (व्याख्याकार).त्रिलोकी नाथ द्विवेदी. चौखम्बा सुरभारती प्रकाशन ।